# खेलकुद प्रशिक्षक छनौट कार्यविधि, २०८१

**दार्मा गाउँपालिका,**
**सल्यान**
**कर्णाली प्रदेश**
**नेपाल**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड -८ सङ्ख्या : ३ मिति : २०८१/०३/३०


## भाग -२

## दार्मा गाउँपालिका


गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०३/३०

प्रमाणिकरण मिति : २०८१/०३/३०


### करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः मुलुकको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा छुटै पहिचान बनाउन खेलकुदको महत्वपूर्ण भूमिका रहेको हुन्छ । खेलकुदको माध्यमबाट विद्यार्थी तथा सर्वसाधारण जनताको शारीरिक तथा मानसिक विकास गरी सक्षम र अनुशासित नागरिक तयार गर्नको निमित्त खेलकुद सम्बन्धी स्थानीय स्तरमा तालिम संचालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा अन्तर स्थानीय तह स्तर, जिल्ला स्तर, प्रदेश स्तर, राष्ट्रिय स्तर एवं राष्ट्रपति रनिङ शिल्डहरुमा हुने विभिन्न खेलकुद प्रतियोगिताहरुमा यस दार्मा गाउँपालिका अन्तर्गतका युवा तथा विद्यार्थीहरुको उपयुक्त सहभागिता गराउने उद्देश्य महशुस गरी खेलकुद प्रशिक्षक छनौट एवं खेलकुद विकास गर्न वाञ्छनीय भएकोले, दार्मा गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाईएको छ।

परिच्छेद १

संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र परिभाषाः

(क) यस कार्यविधिको नाम “करारमा खेलकुद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि २०८१” रहेको छ।

(ख) यो कार्यविधि दार्मा गाउँपालिका क्षेत्र भित्र मात्र लागु हुनेछ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) “गाउँपालिका” भन्नाले दार्मा गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) “कार्यविधि” भन्नाले करारमा खेलकुद प्रशिक्षक भर्ना सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्छ।

(ग) “कार्यपालिका” भन्नाले दार्मा गाउँकार्यपालिकालाई सम्झनु पर्छ।

(घ)“ खेलकुद प्रशिक्षक” भन्नाले दार्मा गाउँपालिकाबाट गठित खेलकुद प्रशिक्षक छनौट समितिबाट छनौट भएको प्रशिक्षकहरुलाई सम्झनु पर्छ।

(ङ) “प्रशिक्षक छनौट समिति” भन्नाले प्रशिक्षक छनौट गर्ने प्रयोजनको लागि यस कार्यविधिको परिच्छेद २ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(च) “अध्यक्ष” भन्नाले दार्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले दार्मा गाउँपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) “शाखा प्रमुख” भन्नाले गाउँपालिकाको शिक्षा शाखा प्रमुखको रुपमा काम गर्ने अधिकृत स्तरको कर्मचारी वा प्रमुखको रुपमा जिम्मेवारी पाएको कर्मचारीलाई सम्झनुपर्छ।

(झ) “शिक्षा शाखा” भन्नाले दार्मा गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्छ।

(ञ) “विषय विज्ञ” भन्नाले खेलकुद प्रशिक्षक भर्नाको लागि छनौट गएिको विज्ञ सम्झनुपर्छ।

(ट) “भत्ता” भन्नाले यस मापदण्डको खण्ड १० अनुसार खेलकुद प्रशिक्षकलाई दिइने भत्ता सम्झनुपर्छ।

(ठ) “पारिश्रमिक” भन्नाले प्रशिक्षकलाई मासिक रुपमा दिइने पारिश्रमिकलाई सम्झनुपर्छ।

परिच्छेद २

खेलकुद प्रशिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

(३) खेलकुद प्रशिक्षक छनौट समिति गठनः

(३.१) यस गाउँपालिकामा खेलकुद प्रशिक्षक नियुक्तिका लागि प्रशिक्षक छनौट गरी सिफारिस गर्न देहायबमोजिमको खेलकुद प्रशिक्षक छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) प्रशासन शाखा प्रमुख – सदस्य

(ग) विद्यालय सुपरीवेक्षक– सदस्य

(घ) खेलकुद विशेषज्ञ १ जना – सदस्य

(ङ) शिक्षा शाखा प्रमुख — सचिव

(नोटः आवश्यकता अनुसार अन्य विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(३.२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खुला प्रतिस्पर्धात्मक परीक्षाबाट प्रशिक्षक करारमा नियुक्ति गरी गाउँपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने।

(ख) परीक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित र मौखिक परीक्षा संचालन गर्ने, प्रश्नपत्र जाँचगर्ने र अन्तिम नतिजा प्रकाशित गर्ने।

(ग) प्रशिक्षक भर्नाका लागि पाठ्यक्रम निर्धारण गर्ने।

(घ) परीक्षा संचालनका लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने।

(ङ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एंव त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने।

(च) गाउँ कार्यपालिकासँग परीक्षा संचालनको सम्वन्धमा आवश्यक समन्वय गर्ने तथा गराउने।

(छ) परीक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने गराउने।

(३.३) समितिको वैठक सम्वन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ।

(३.४) समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको बैठकले तोके अनुसार हुनेछ।

परिच्छेद ३

खेलकुद प्रशिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

४. खेलकुद प्रशिक्षक सम्बन्धमाः

क) मार्सल आर्ट खेल विधातर्फ प्रशिक्षक सहायक स्तर पाँचौ तह –१ जना

ख) मार्सल आर्ट खेल विधातर्फ सहायक प्रशिक्षक सहायक स्तर चौथो तह –१ जना

ग) एथ्लेटिक्स खेल विधातर्फ सहायक प्रशिक्षक सहायक स्तर चौथो तह –१ जना

५. प्रतियोगिताको लागि विज्ञापन गर्नुपर्नेः परिच्छेद २ नियम ३ (१) बमोजिम गठित खेलकुद प्रशिक्षक छनौट समितिले कम्तिमा १५ दिनका सार्वजनिक सूचना प्रकासित गर्नु पर्नेछ।

६. दरखास्त बुझाउनु पर्नेः प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले छनौट समितिवाट तोकिए बमोजिमको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ।

७. योग्यता सम्वन्धि व्यवस्था :

७.१) मार्सल आर्टस खेलका प्रशिक्षकका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड हुनेछ।

(क) प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको

(ख) राष्ट्रिय खेलकुद परिषदबाट डोजाङ दर्ता प्रमाणपत्र भएको।

(ग) राष्ट्रिय वा अन्तराष्ट्रिय प्रतियोगितामा पदक विजेता भएको ,

(घ) सम्बन्धित खेलमा खेलकुद प्रशिक्षक भई काम गरेको।

(ङ) सम्बन्धित खेलमा प्रदेश वा राष्ट्रिय खेलमा रेफ्री गरेको

(च) २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको ।

छ) प्रचलित कानुन बमोजिम अयोग्य नभएको

७.१.२) मार्सल आर्टस खेलका सहायक प्रशिक्षकका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड हुनेछ

(क) SLC/SEE वा सो सरह उत्तीर्ण गरेको

(ख) राष्ट्रिय खेलकुद परिषदबाट डोजाङ दर्ता भएको

(घ) सम्बन्धित खेलमा सहायक प्रशिक्षक भई काम गरेको।

(ङ) जिल्ला वा प्रदेश स्तरका प्रतियोगितमा पदक प्राप्त गरेको

च) सम्बन्धित खेलमा जिल्ला वा प्रदेश स्तरीय खेलमा रेफ्री गरेको ।

(छ) २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको ।

ज) प्रचलित कानुन बमोजिम अयोग्य नभएको

७.१.३) एथ्लेटिक्स खेलका सहायक प्रशिक्षकका लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको मापदण्ड हुनेछ

(क) SLC/SEE वा सो सरह उत्तीर्ण गरेको

(ख) जिल्ला वा प्रदेश स्तरका प्रतियोगितमा पदक प्राप्त गरेको

(घ) सम्बन्धित खेलमा सहायक प्रशिक्षक भई काम गरेको।

(ङ) सम्बन्धित खेलमा कम्तीमा जिल्ला स्तरीय प्रतिस्पर्धामा रेफ्री गरेको

च) प्रचलित कानुन बमोजिम अयोग्य नभएको

(छ) २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको ।

८. पाठ्यक्रम, परीक्षा प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया :

(क) खेलकुद प्रशिक्षकको लागि लिईने परीक्षाको कार्यक्रम, परीक्षापाठयक्रम प्रणाली, मुल्याङ्कन र छनौट प्रक्रिया खेलकुद प्रशिक्षक छनौट समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(ख) लिखित तथा मौखिक परीक्षामा सफल उम्मेदवारलाई गाउँपालिकाले नियुक्ति दिनेछ।

९. परीक्षाको किसिमः

(क) छोटो सूची

(ख) लिखित अंकभार ७० अंक

(ग) मौखिक ३० अंक

परिच्छेद ४

सेवा सुबिधा

१०. पारिश्रमिक सम्वन्धि व्यवस्था :

(क) खेलखुद प्रशिक्षकलाई गाउँपालिकाको नियमानुसार पारिश्रमिक प्रदान गरिने छ।

(ख) गाउँपालिकाको आयोजनामा संचालन गरिने खेलकुद कार्यक्रम संचालनार्थ भत्ता तथा अन्य सुविधाको व्यवस्था दिइने छैन।

तर माथि जुनसुकै कुरा लेखिएको भए तापनि अन्य सेवा सुबिधा प्रचलित नियमानुसार हुनेछ

११. बिदा सम्वन्धि व्यवस्था :

(क) खेलकुद प्रशिक्षकले एक वर्षमा ६ दिन क्या.वि र ६ दिन पर्व विदा पाउने छ। उल्लेखित विदा संचित हुने छैन।

परिच्छेद ५

प्रशिक्षकको काम कर्तव्य र अधिकार सम्वन्धि व्यवस्था

१२. खेलकुद प्रशिक्षकको काम कर्तव्य र अधिकार देहाय वजोजिम हुनेछः

(क) खेलकुद प्रशिक्षकको मुख्य काम यस दार्मा गाउँपालिका अन्तर्गत संचालन गरिने खेलकुदहरुको संचालनमा रेफ्रीको भूमिका रहनेछ।

(ख) गाउँपालिकाले खेलकुदमा गर्ने लगानीलाई सदुपयोग गर्ने उद्देश्य राखी खेलकुद विकासको लागि निरन्तर प्रतिबद्ध रहनु पर्नेछ।

(ग) विद्यालय तहमा रहेका खेलाडीहरुको सीप विकास तथा खेलकुद सम्बन्धी प्रशिक्षण गर्नुपर्नेछ।

(घ) खेलकूदको स्तरमा बृद्धि गर्न शिक्षा युवा तथा खेलकुद शाखाले दिएको तालिका अनुसार विद्यालयहरुमा गई खेलाडीहरुलाई प्रशिक्षण गर्नुपर्ने छ।

(ङ) गाउँपालिकाबाट सहभागी हुने विद्यालयस्तरीय वा अन्य खेलकुदका सहभागीहरुको मुख्य प्रशिक्षक भई जिम्मेवारी वहन गर्नुपर्ने छ।

(च) अनुशासित खेलाडी विकासको मुख्य लक्ष्य लिई कार्य गर्नुपर्ने छ।

(छ) गाउँपालिकालाई खेलकुदको क्षेत्रमा पहिचान बनाउने कार्यतर्फ अग्रसर रहनुपर्ने छ।

(ज) खेलकुद विकास समिति तथा गाउँपालिकालाई खेलकुद सम्बन्धी कुरामा सल्लाह दिने कार्य गर्नुपर्ने छ।

(झ) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने।

(ञ) खेलकूद सम्बन्धी स्तर बढाउने उद्देश्यले खेलकुदमा सहभागी हुने युवा खेलाडीहरु र विद्यालयका विद्यार्थीहरुलाई सहयोग प्रदान गर्ने।

(ट) खेलकुद विकासको लागि आवश्यकतानुसार सहयोग तथा सहजिकरण गर्ने।

(ठ) खेलकुद विकासको लागि वडा तथा पालिमास्तरमा खेलकुद विकास समिति गठन गर्न सहजिकरण गर्ने

(ड) खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने तथा खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने।

ढ) खेलकुदको विकास तथा खेलकुद सम्बन्धी खेलकुद विकास समितिहरु एवं गाउँपालिकालाई आवश्यक सल्लाह तथा पृष्ठपोषण गर्ने।

(ण) गाउँपालिका/खेलकुद विकास समितिले दिएका अन्य जिम्मेवारी तथा निर्देशनको पूर्ण पालना गर्ने र गराउने।

(त) खेलकुद विकासको क्षेत्रमा गाउँपालिकाको साख उच्च कायम हुनेगरी कार्य गर्ने गराउने।

(थ) खेलकुद विकासमा भएका कार्यहरुको त्रैमासिक प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखा मार्फत खेलकुद विकास समितिमा पेस गर्ने।

(१३) खेलकुद प्रशिक्षक सम्बन्धि अन्य व्यवस्थाः

क) खेलकुद प्रशिक्षकका लागि गाउँपालिकाको कर्मचारी तेरीज तयार नहुन्जेल सम्म गाउँपालिकामा स्थायी दरबन्दी सिर्जना हुने छैन।

ख) करारमा नियुक्त भएका प्रशिक्षकहरुको कार्य सन्तोषजनक नदेखिएमा कार्यालयले जुनसुकै समयमा पनि करार सम्झौता रद्ध गर्न सक्ने छ।

परिच्छेद ६

विविध

१४. विविधः यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा फुकाउने र संसोधन गर्ने अधिकार दार्मा गाउँ कार्यपालिकामा निहित रहने छ।

आज्ञाले,

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत